# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा
५ नं. प्रदेश, नेपाल

मिति: २०७७/०४/३२

## पुराना भवन अभिलेखीकरण गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना !

यस सुनिल स्मृति गाउँपालिका क्षेत्र भित्र नक्सापास नगरी निर्माण गरेका भवन/संरचनाहरू नक्शा पास गर्ने प्रयोजनको लागि नेपाल सरकार मन्त्रिपरिसद बाट स्वीकृत भएको बस्ति विकास, शहरी योजना तथा निर्माण सम्बन्धि आधारभूत मापदण्ड २०७२ अनुसार अभिलेख राख्नु पर्ने र अभिलेख प्राप्त भएपछि मात्र मापदण्ड अनुसार नक्शा पास प्रकृया अगाडी बढाइने भएकोले यस सुनिल स्मृति गाउँपालिकाको मिति २०७७/०४/३० गतेको कार्यपालिकाको बैठकबाट **पुराना भवनहरूको अभिलेख ब्यबस्थापन** स्वीकृत भए अनुसार तपशिल बमोजिमका कागज/प्रमाणहरू लिई यहि मिति २०७७ साल भदौ १ गते देखि २०७७ साल माघ मसान्त (६ महिना) भित्र आफ्नो घरको अभिलेख दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी आएका निवेदन उपर कुनै सुनुवाई नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ । साथै घरनक्शा अभिलेखीकरण दरखास्त फारम गाउँपालिकाको कार्यालय बाट रु. ५०० ।- तिरी प्राप्त गर्न सकिने छ ।

तपशिल:

| | |
|---|---|
| १. नेपाली नागरिता प्रमाणपत्रको प्रतिलिपि | १ थान |
| २. जग्गाधनि प्रमाणपुर्जाको प्रतिलिपि | १ थान |
| ३. चालु आ.व. को एकिकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि | १ थान |
| ४. गा.पा. मा सुचिकृत परामर्शदाता बाट बनाएको घरको नक्सा | १ थान |
| ५. जग्गाको ट्रेस नक्शा | १ थान |
| ६. सम्बन्धित वडाको सिफारिस | १ थान |
| ७. घरनक्शा अभिलेखीकरण दरखास्त फारम | १ थान |

केशब राज पार्थ
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत